# न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ६ ❖ अंक १ ❖ २०८३ साउन ६ गते बुधबार ❖ Wednesday, 22 July, 2026 ❖ मूल्य रु. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)




स्पेन विश्वकप-२०२६ च्याम्पियन (पृष्ठ ३ मा)

## दुई बस र ट्रक ठोक्किँदा ३६ जना घाइते, एक गम्भीर

### घाइतेहरुको दुई मेडिकल कलेजमा उपचार हुँदै

**-बबिलाल तामाङ**

भरतपुर । नारायणगढ-मुग्लिन सडकअन्तर्गत इच्छाकामना गाउँपालिका वडा नं-६, जलबिरेनजिक आइतबार बिहान ०८:२० बजेको समयमा दुई बस र एक ट्रक एकापसमा ठोक्किँदा पाँच महिलासहित ३६ जना घाइते भएका छन् । घाइतेमध्ये एक जनाको अवस्था गम्भीर रहेको छ ।

मुग्लिन-नारायणगढ सडक खण्डस्थित काठमाडौँबाट दाङतर्फ जाँदै गरेको लुम्बिनी प्रदेश ०३-००१ ख ०५०५ नम्बरको बस, सर्लाहीबाट काठमाडौँतर्फ जाँदै गरेको मधेश प्रदेश ०३-००२ ख ७३२ नम्बरको बस र सोही दिशापछाडिबाट आउँदै गरेको बागमती प्रदेश ०३-००१ ख १६७१ नम्बरको ट्रक एकापसमा ठक्कर खाई दुर्घटना भएको हो ।



जिल्ला प्रहरी कार्यालयका अनुसार घाइतेमध्ये २७ जनाको चितवन मेडिकल कलेज (सिएमसी) भरतपुर र नौ जनाको पुरानो मेडिकल कलेज (सिएमएस) भरतपुरमा उपचार भइरहेको छ । दुवै बस र ट्रक तथा ट्रक चालक राप्ती नगरपालिका वडा नं-५ बस्ने ४१ वर्षीय कमल परियारलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

पुरानो मेडिकल कलेज भरतपुरमा नौ घाइतेको उपचार भइरहेकोमा सर्लाहीको घनकौल गाउँपालिका वडा नं-७ बस्ने २६ वर्षीय जयकरण सहनीको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

पुरानो मेडिकल कलेजमा उपचार भइरहेका अन्य घाइतेहरुमा लुम्बिनी प्रदेश ०३-००१ ख ०५०५ नम्बरको बसमा सवार सल्यानको कपुरकोट गाउँपालिका वडा नं-३ बस्ने २३ वर्षीया रेखा पुन, दाङको तुलसीपुर उपमहानगरपालिका वडा नं-५ बस्ने २७ वर्षीया दिपुकुमारी घर्ती, सोही बसको सहचालक सल्यानको शारदा नगरपालिका वडा नं-६ बस्ने २२ वर्षीय सुनिल के.सी., दाङको तुलसीपुर उपमहानगरपालिका वडा नं-३ बस्ने १९ वर्षीया पासाङ तामाङ रहेका छन् ।

यस्तै, मधेश प्रदेश ०३-००२ ख ७३२ नम्बरको बसमा सवार सर्लाहीको गोडैता नगरपालिका वडा नं-७ बस्ने ३१ वर्षीय रोहितकुमार गुप्ता, सोही बसमा सवार सर्लाहीको घनकौल गाउँपालिका वडा नं-७ बस्ने २६ वर्षीय सन्तोष सहनी, सर्लाहीको बलरा नगरपालिका वडा नं-८ बस्ने २० वर्षीय एमडी राजा सिद्धिकी र सर्लाहीको घनकौल गाउँपालिका वडा नं-१ बस्ने २१ वर्षीय सरोकुमार कुसवाहा रहेका छन् ।

(बाँकी ५ पेजमा)

## भरतपुर अस्पतालमा बिरामीको चाप बढ्दै

### 'भीड व्यवस्थापनमा केन्द्रित भएका छौँ'

भरतपुर । भरतपुर अस्पतालमा बिरामीको चाप बढ्दै गएको पाइएको छ । सोमबार एकैदिन तीन हजार ३६८ जनाले सेवा लिएका छन् । बिरामीको चाप बढ्दा व्यवस्थापन जटिल बन्ने गरेको छ ।




अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये दुई हजार ५८९ स्वास्थ्य बिमाका छन् । बाँकी ७८९ बिमा नभएका बिरामी हुन् । उपचारका लागि आएकामध्ये ६८७ जना नयाँ बिरामी रहेको अस्पतालले जनाएको छ । एक दिनमा आकस्मिक सेवा लिनेको संख्या २६६ जना रहेको छ । अस्पतालका बिमा कार्यक्रम संयोजक लीलाधर पौडेलका अनुसार ७० प्रतिशत हाराहारी बिरामी बिमाका रहेका छन् । आकस्मिक सेवामा आएकामध्ये १०१ जना बिमा नभएका बिरामी हुन् ।

संयोजक पौडेलका अनुसार सोमबार भिडियो एक्सरे गरेका बिरामीको संख्या ५०७ रहेको छ । यसमध्ये बिमाका ४१५ जना हुन् भने ९२ जना बिमा नभएका बिरामी हुन् । एकैदिन ४५ जनाको सिटीस्क्यान र ३१ जनाको एमआरआई गरिएको उनले बताए । अस्पतालमा आएका

(बाँकी ५ पेजमा)

## जंगली जनावरको आक्रमणबाट पाँच जनाको मृत्यु

भरतपुर । आर्थिक वर्ष २०८२/०८३ को एक वर्षमा



हात्ती, गैँडा, बाघलगायतका जंगली जनावरको आक्रमणमा परी पाँच जनाले ज्यान गुमाएका छन् ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार तीन जनाको गैंडाको आक्रमणका कारण मृत्यु भएको हो । सोही अवधिमा दुई जनाको हात्ती र एक जनाको बाघको आक्रमणबाट मृत्यु भएको उनले जानकारी दिए । मृतकमध्ये तीन जना भरतपुर महानगरपालिका, एक जना खैरहनी र एक जना माडी नगरपालिकाका रहेको निकुञ्जले जनाएको छ ।

अघिल्लो आव २०८१/०८२ मा १३ जना र आर्थिक वर्ष २०८०/८१ मा ११ जनाको जंगली जनावरको आक्रमणबाट मृत्यु भएको थियो । निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा चितवनसहित

(बाँकी ५ पेजमा)

## महाबौद्ध संघको बृहत् रक्तदान

### ५९ जनाले गरे रक्तदान, नयाँ कार्यालय शुभारम्भ

**- बिना तामाङ**

भरतपुर / चितवनको रामपुर



बजारमा महाबौद्ध संघ-नेपालको नयाँ कार्यालय उद्घाटन तथा बृहत् रक्तदान कार्यक्रम गरिएको छ । कार्यक्रमका प्रमुख अतिथि तथा धर्मगुरु रक्षा लामाद्वारा नयाँ कार्यालयको शुक्रबार उद्घाटन गरिएको महाबौद्ध संघ-नेपालका अध्यक्ष मेकना तामाङले जानकारी दिए । सोही अवसरमा जिल्लामा भइरहेको रगत अभावलाई न्यूनीकरण गर्ने उद्देश्यसहित गरिएको बृहत रक्तदान कार्यक्रममा ५९ जनाले रक्तदान गरे ।

कार्यक्रममा प्रमुख अतिथि लामाले रक्तदान मानव जीवन बचाउने सबैभन्दा ठूलो सामाजिक सेवा भएको बताए । सेवा, करुणा

(बाँकी ५ पेजमा)





## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं ।

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग

## सम्पादकीय

### वर्षायाममा दुर्घटनाको जोखिम

नेपालमा सडक दुर्घटना वर्षैंभरि गम्भीर समस्या बनेको छ तर वर्षात्को समयमा यसको जोखिम झन् बढ्ने गरेको पाइएको छ । हालै नारायणगढ–मुग्लिन सडकअन्तर्गत इच्छाकामना गाउँपालिका–६, जलबिरेनजिक दुई बस र एक ट्रक ठोक्किँदा ३६ जना घाइते भए । वर्षातसँगै बढ्ने दुर्घटनाको यो एक प्रतिनिधि घटना हो । आर्थिक वर्ष २०८२/०८३ मा मात्र दुई हजार २८९ जनाले सडक दुर्घटनामा ज्यान गुमाएका छन् । दैनिक औसतमा सात जनाको मृत्यु हुनुले नेपालमा सडक सुरक्षाको भयावह चित्र उजागर गरेको छ । यसै अवधिमा ६ हजार ३८१ जना गम्भीर घाइते र ३३ हजार ७५६ जना सामान्य घाइते भएका छन् । कुल २५ हजार ७७१ स्थानमा दुर्घटना भएको तथ्यांकले सडक सुरक्षाको चुनौती स्पष्ट रहेको देखाउँछ ।

वर्षातमा दुर्घटनाको जोखिम बढ्नुका कारणहरु स्पष्ट छन् । पानी जम्दा वा हिलो हुँदा ब्रेक कम लाग्ने, सवारीसाधन अनियन्त्रित हुने सम्भावना बढी हुन्छ । वर्षा र कुहिरोले दृश्यता घटाउँछ, जसले चालकलाई अगाडि देख्न कठिन बनाउँछ । वर्षातले सडकमा ठूला खाल्डो बनाउँछ, जसमा पानी जम्दा चालकले अनुमान गर्न नसक्ने अवस्था हुन्छ । यसले मोटरसाइकल, स्कुटर जस्ता साना सवारी साधनलाई बढी जोखिममा पार्छ । नयाँ निर्माण भएका सडक पनि वर्षातमै जीर्ण हुने, संकेत बोर्ड, स्ट्रिट लाइट वा स्पिड बम्पको अभावले दुर्घटना बढ्ने गरेको छ । नेपालमा प्रायः दुर्घटनापछि समिति गठन हुने, प्रतिवेदन बन्ने तर कार्यान्वयन नहुने अवस्था छ । सडक सुरक्षाका पाँच खम्बा हुन्– सुरक्षा व्यवस्थापन, सुरक्षित सडक, सुरक्षित सवारी, सुरक्षित प्रयोगकर्ता र दुर्घटनापछि सेवा । सबैलाई सबै अवलम्बन गर्न सकिएमात्र सडक दुर्घटना घटाउन सकिन्छ ।

दुर्घटना न्युनीकरणका उपायहरु पनि स्पष्ट छन् । ट्राफिक व्यवस्थापन सुधार गर्न नियमको कडाइका साथ कार्यान्वयन, सिसिटिभी, स्पिड गन प्रयोग, ट्राफिक प्रहरीको संख्या र दक्षता वृद्धि गर्नुपर्छ । साँघुरा सडक विस्तार, खाल्डाखुल्डी मर्मत, संकेत बोर्ड र स्ट्रिट लाइटको व्यवस्था गर्नुपर्छ । वर्षातमा गति कम गर्ने, दुरी बढाउने, हेडलाइट र वाइपर जाँच गर्ने, मोबाइल प्रयोग नगर्नेजस्ता चालक सचेतना अत्यावश्यक छन् । विपद् जोखिम न्यूनीकरण प्राधिकरणले २३ जिल्लामा रातिको सवारी रोक लगाएको निर्णय व्यावहारिक कदम हो । नेपालमा सडक दुर्घटना केवल व्यक्तिगत त्रासदी मात्र होइन, राष्ट्रिय संकट हो । वर्षातको समयमा दुर्घटनाको जोखिम अझै बढ्ने भएकाले राज्य, स्थानीय निकाय, चालक र यात्रु सबैले सचेत रहनैपर्छ । सुरक्षित सडक पूर्वाधार, जिम्मेवार चालक, कडाइका साथ नियम कार्यान्वयन र दुर्घटनापछि छिटो उद्धार जस्ता उपायहरू नै जीवनरक्षाका आधार हुन् । वर्षा किसानहरूका निम्ति आशीर्वाद हो, तर असावधानीले गर्दा यो विपद् बन्न सक्ने भएकाले हरेक व्यक्तिले सचेत र सावधानी अपनाउनु जरुरी देखिन्छ ।

# अज्ञातः इतिहासको अँध्यारोमा उज्यालो खोज्ने साहित्यिक साहस

विचार

- ई. विजयराज भट्टराई



नेपाली साहित्यमा बेलाबेलामा यस्ता कृतिहरू जन्मिन्छन्, जसले पाठकलाई कथा सुनाउने मात्र होइन, आफ्नै इतिहाससँग नयाँ ढंगले संवाद गर्न बाध्य बनाउँछन् । केशवराज ज्ञवालीको ऐतिहासिक आख्यान 'अज्ञात' त्यस्तै एउटा कृति हो। यो उपन्यास पढिसके पछि मनमा एउटै प्रश्न लामो समयसम्म प्रतिध्वनित भइरहन्छ हामीले इतिहास पढेका छौं कि इतिहासको एउटा संस्करण मात्र ?

'अज्ञात' इतिहासको पुनर्लेखन होइन, इतिहासमाथिको पुनर्विचार हो। यसले स्थापित इतिहासलाई अस्वीकार गर्दैन; बरु इतिहासका छायाँमा परेका पात्र, मौन बनाइएका घटनाहरू र विस्मृत स्मृतिहरूलाई साहित्यको उज्यालोमा ल्याउने साहस गर्छ । त्यसैले यो उपन्यासलाई केवल ऐतिहासिक आख्यानका रूपमा होइन, इतिहाससँग संवाद गर्ने गम्भीर साहित्यिक प्रयत्नका रूपमा पढ्नुपर्छ ।

लेखक केशवराज ज्ञवाली अध्ययन र पेशाले सिभिल इन्जिनियर हुन्। इन्जिनियरिङमा जस्तै बलियो संरचनाको आधार केवल अन्तिम परिणाम होइन, त्यससम्म पुग्ने प्रक्रिया पनि हुन्छ। अमेरिकी इन्जिनियरिङ अभ्यासमा प्रक्रियाको अनुशासनलाई जसरी उच्च महत्व दिइन्छ, त्यसको झल्को उनको लेखन यात्रामा पनि देखिन्छ। 'अज्ञात' पढ्दा लेखकले विषयवस्तु माथि गरेको अध्ययन, स्रोतहरूको खोज, ऐतिहासिक सन्दर्भको संयोजन र घटनाहरूलाई साहित्यिक रूपमा पुनर्संयोजन गर्ने धैर्य सहजै अनुभूत हुन्छ। यस अर्थमा यो उपन्यास केवल कल्पनाको उपज होइन; अनुसन्धान र सिर्जनशीलताको सन्तुलित समन्वय हो ।

उपन्यासको केन्द्रमा रहेको मान्या केवल एउटा पात्र होइन; ऊ नेपाली इतिहासका असंख्य 'अज्ञात' पात्रहरूको प्रतिनिधि चेतना हो। मान्याको यात्रा व्यक्तिगत संघर्षको कथा भएर मात्र सीमित रहँदैन, त्यो राष्ट्रको स्मृति, पहिचान र अस्तित्वको यात्रासँग गाँसिन्छ। मान्या मार्फत लेखकले पाठकलाई एउटा गहिरो प्रश्न सोध्छन्, इतिहासले सम्झेकाहरू मात्र नायक हुन् कि इतिहासले बिर्सेकाहरू पनि ?

यही प्रश्नले 'अज्ञात'लाई विशिष्ट बनाएको छ। पुस्तकमा उपस्थित ज्ञात ऐतिहासिक व्यक्तित्वहरू र हजारौं सामान्य मानिसहरूको प्रतिनिधित्व गर्ने पात्रहरूले इतिहास केवल दरबार, युद्ध र सत्ताको कथा होइन भन्ने अनुभूति गराउँछन्। कुनै पनि राष्ट्रको निर्माण शासकहरूको मात्र योगदानले हुँदैन; नाम समेत अभिलेखमा नरहेका असंख्य सामान्य मानिसहरूको पसिना, बलिदान र समर्पणले पनि इतिहासको जग तयार हुन्छ। 'अज्ञात'ले ती मौन पात्रहरूलाई आवाज दिएको छ।




साहित्यिक दृष्टिले हेर्दा पनि यो कृति उल्लेखनीय देखिन्छ। लेखकले ऐतिहासिक स्रोतहरूको अध्ययनसँगै त्यस समयको भाषिक परिवेशलाई पुनर्जीवित गर्ने प्रयास गरेका छन्। पुस्तकमा प्रयोग भएका अहिले कम प्रचलनमा रहेका गहिरो अर्थ बोकेका शब्दहरूले केवल भाषिक सौन्दर्य बढाएका छैनन्, पाठकलाई त्यो समयको सांस्कृतिक वातावरणमा प्रवेश गराउने सेतुको काम गरेका छन्। विभिन्न ऐतिहासिक सन्दर्भ सामग्रीको प्रयोगले आख्यानलाई तथ्यको आभास मात्र दिएको छैन, यसको विश्वसनीयतालाई पनि बलियो बनाएको छ।

यद्यपि, कुनै पनि ऐतिहासिक आख्यानसँग एउटा स्वाभाविक चुनौती जोडिएको हुन्छ। इतिहास र साहित्य एउटै बाटोमा हिँड्छन्, तर उनीहरूको गन्तव्य सधैं एउटै हुँदैन। इतिहासले प्रमाणको भाषा बोल्छ; साहित्यले सम्भावनाको। त्यसैले ' अज्ञात'लाई इतिहासको अन्तिम सत्यका रूपमा होइन, इतिहासबारे नयाँ प्रश्न उठाउने सिर्जनात्मक कृतिका रूपमा पढ्दा यसको वास्तविक सौन्दर्य अझ स्पष्ट देखिन्छ। बहस जन्माउन नसक्ने कृति छिट्टै बिर्सिन्छ; बहस सिर्जना गर्ने कृतिले भने पाठकको चेतनामा लामो समयसम्म स्थान बनाइरहन्छ।

समग्रमा यो आख्यान नेपाली इतिहासको कम चर्चित पक्षलाई साहित्यमा स्थापित गर्ने साहसी प्रयास मात्र हैन, इतिहास र कल्पनाको सीमारेखा बारे थप विमर्श गर्न आवश्यक रहेको प्रष्ट हुन्छ। पुस्तकले देखाएका यी फरक दृष्टिकोणहरूले एउटा सत्यलाई भने पुष्टि गर्छन् 'अज्ञात'ले पाठकलाई कतै पनि उदासीन रहन दिएको छैन।

कौतुहलता राख्दै पाठकलाई अघिल्लो पाना पल्टाउन उत्प्रेरित गर्ने यस आख्यानले कुनै स्थापित इतिहासलाई प्रतिस्थापन गर्नु होइन, इतिहासका ओझेलमा परेका सम्भावित कथाहरूलाई साहित्यिक विमर्शको केन्द्रमा ल्याउने उद्देश्य राखेको देखिन्छ। यस अर्थमा 'अज्ञात' निष्कर्ष सुनाउने पुस्तकभन्दा संवाद प्रारम्भ गर्ने पुस्तक हो।

व्यक्तिगत रूपमा, 'अज्ञात' पढ्दा मैले एउटा उपन्यास मात्र पढिनँ; मैले आफ्नो इतिहाससँग नयाँ ढंगले प्रश्न गर्न सिकें। यो पुस्तकले मलाई उत्तरभन्दा बढी जिज्ञासा दियो, र सायद उत्कृष्ट साहित्यको यही सबैभन्दा ठूलो सफलता हो। यसले पाठकलाई विश्वास गर्न बाध्य पार्दैन; सोच्न प्रेरित गर्छ ।

आज नेपाली समाज आफ्नो इतिहास, पहिचान र सभ्यतामाथि नयाँ ढंगले विमर्श गरिरहेको समयमा 'अज्ञात' जस्ता कृतिहरूको आवश्यकता अझ बढी महसुस हुन्छ। किनकि साहित्यको काम इतिहासलाई प्रतिस्थापन गर्नु होइन; इतिहासले नसोधेका प्रश्नहरू सोध्नु हो ।

अन्ततः, 'अज्ञात' एउटा उपन्यास मात्र होइन; यो ज्ञात र अज्ञात, इतिहास र स्मृति, तथ्य र कल्पना, अनि अभिलेख र मानवीय अनुभूति बीचको सेतु हो। यसले हामीलाई सम्झाउँछ कि इतिहासको सबैभन्दा ठूलो अध्याय कहिलेकाहीँ किताबमा होइन, बिर्सिएका मानिसहरूको जीवनमा लेखिएको हुन्छ । तिनै मौन पात्रहरूलाई शब्द दिन सकेको कारण 'अज्ञात' नेपाली ऐतिहासिक आख्यानको समकालीन यात्रामा एउटा उल्लेखनीय, साहसी र दीर्घकालसम्म सम्झिइरहने कृतिका रूपमा स्थापित हुने सामर्थ्य राख्छ।

*(ई. विजयराज भट्टराई, इन्जिनियरिंग साहित्यिक समाज (इन्सास) का संस्थापक अध्यक्ष हुनुहुन्छ । इन्सास वि.सं. २०५८ मा स्थापना भएको थियो ।)*



# रत्ननगर नपाद्वारा १६ करोड ६७ लाख राजस्व संकलन

रत्ननगर। रत्ननगर नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ मा कुल १६ करोड ६७ लाख ३ हजार ८३६ रूपैयाँ ९३ पैसा राजस्व सङ्कलन गरेको छ, जुन लक्ष्यभन्दा बढी हो।



नगरपालिकाले करिब १५ करोड राजस्व उठाउने लक्ष्य राखेको थियो। नगरपालिकाको १६ वटा वडाहरुमध्ये रत्ननगर-१ ले सबैभन्दा बढी राजस्व सङ्कलन गरेर शीर्ष स्थानमा रहेको छ।

वडा नं-१ बाट मात्र १ करोड २९ लाख १० हजार ९७० रूपैयाँ ८४ पैसा राजस्व उठेको छ।

वडागतरुपमा हेर्दा रत्ननगर-२ ले १ करोड १४ लाख ८३ हजार ११४ रूपैयाँ ६६ पैसा, रत्ननगर-३ ले ४९ लाख ६० हजार ६०५ रूपैयाँ ८२ पैसा, रत्ननगर-४ ले ४३ लाख ४ हजार ३५२ रूपैयाँ, रत्ननगर-५ ले ३० लाख ७९ हजार ८८६ रूपैयाँ, रत्ननगर-६ ले ९८ लाख ९६ हजार ५२१ रूपैयाँ ८ पैसा, रत्ननगर-७ ले ५० लाख ७६ हजार ११४ रूपैयाँ २६ पैसा राजस्व सङ्कलन गरेको छ।

यस्तै, रत्ननगर-८ ले ३९ लाख ६४ हजार ९८५ रूपैयाँ, रत्ननगर-९ ले ५५ लाख १८ हजार ३०४ रूपैयाँ ७० पैसा, रत्ननगर-१० ले ९३ लाख ५७५ रूपैयाँ २५ पैसा, रत्ननगर-११ ले ३२ लाख २५ हजार २१० रूपैयाँ, रत्ननगर-१२ ले ६३ लाख ८४ हजार ७६८ रूपैयाँ, रत्ननगर-१३ ले ७० लाख ६२ हजार १८२ रूपैयाँ, रत्ननगर-१४ ले ७४ लाख ८४ हजार ७३४ रूपैयाँ, रत्ननगर-१५ ले ४३ लाख ७३ हजार २५२ रूपैयाँ ७८ पैसा र रत्ननगर-१६ ले ५० लाख ८० हजार ९७७ रूपैयाँ ६१ पैसा राजस्व सङ्कलन गरेका छन्।

सबैभन्दा कम राजस्व सङ्कलन गर्ने रत्ननगर-५ भएको छ भने रत्ननगर-१ ले सबैभन्दा धैरै राजस्व सङ्कलन गरेको छ।

नगरपालिका कार्यालयबाट भने ६ करोड २५ लाख १९ हजार २८३ रूपैयाँ ७५ पैसा राजस्व सङ्कलन भएको छ।

# आँखा जोगाएर काम गर्न चिकित्सकको सुझाव

भरतपुर । बर्सातको समयमा खेतमा काम गर्दा आँखामा चोटपटक र हिलो पर्ने भन्दै चिकित्सकहरुले आँखा जोगाएर काम गर्न सुझाव दिएका छन्। भरतपुर आँखा अस्पतालमा अहिले दैनिक आउने बिरामीमध्ये ३० प्रतिशत हाराहारी त्यस्ता बिरामी आउन थालेको भन्दै सजग रहन आग्रह गरिएको हो।

अस्पतालका निर्देशक डा. पुष्पा गिरी श्रेष्ठले नेपाल नेत्रज्योति संघ भरतपुरबाट सञ्चालित भरतपुर आँखा अस्पतालसहित मातहतका सेकेन्डेरी अस्पताल, सर्जिकल सेन्टर र उपचार केन्द्रमा आउने बिरामीमा समस्या देखिएको बताइन्।

दैनिक एक हजार ५०० हाराहारी बिरामी बहिरंग सेवा लिन अस्पताल र मातहतका केन्द्रहरुमा आउने गर्दछन्। मुख्य रुपमा धानका लागि खेत तयार गर्दा र रोप्दा हिलो आँखामा पसेर आउने बिरामी रहेका छन्। यस्तै, हिलो परेको टाउकोमा पानी पर्दा आँखामा छिरेर समस्या हुने गरेको छ। हिलो छिरेको आँखालाई मिचेपछि नानीमा सङ्क्रमण भएर बिरामीहरु आउने गरेको उनले बताइन्।

असार र साउन महिनामा यस्ता समस्या लिएर धेरै बिरामी आउने गर्दछन्। डा श्रेष्ठले भनिन्, 'आँखामा हिलो परेपछि आफैं औषधि किनेर प्रयोग गर्दा थप समस्या हुने गरेको छ।' आँखामा समस्या भइहालेमा तत्काल नजिकको आँखा उपचार हुने केन्द्र वा अस्पतालमा जान उनले सुझाव दिइन्। आफू खुसी औषधि प्रयोग गरेका कारण पाँच प्रतिशत हाराहारी बिरामीमा घाउ बढेर अल्सरसमेत हुने गरेको उनले बताइन्।

नेपाल नेत्रज्योति संघ चितवनको मुख्य अस्पताल भरतपुरमा रहेको छ। कावासोती र पर्साको ठोरीमा सेकेन्डेरी अस्पताल, चोरमाराको मध्यबिन्दु र सर्लाहीको ईश्वरपुरमा सर्जिकल सेन्टर छ भने भरतपुरको ओरालोमा सिटी क्लिनिक छ। तीबाहेक १९ वटा आँखा उपचार केन्द्र विभिन्न जिल्लामा छन्। सर्लाहीको हरिपुर र धादिङको नेत्रावतीमा उपचार केन्द्र सुरू गर्ने तयारीमा छ। उनले संघ मातहतका वा अन्य आँखा उपचार गर्ने केन्द्र वा अस्पतालमा आँखा देखाएर मात्र औषधि प्रयोग गर्न सुझाव दिएकी छन्।

विज्ञापन गर्नु परेमा
सम्पर्क :
९८४५०६७४१४
९८२७२०१७१४




## स्वास्थ्य/खेलकुद



# स्पेन विश्वकप च्याम्पियन

काठमाडौं। स्पेनले साविक विजेता अर्जेन्टिनालाई १-० ले पराजित गर्दै फिफा विश्वकप २०२६ को उपाधि जितेको छ।

अमेरिकाको न्यू जर्सीस्थित न्यूयोर्क-न्यू जर्सी स्टेडियममा आइतबार राति सम्पन्न रोमाञ्चक फाइनल अतिरिक्त समयमा पुगेको थियो।



निर्धारित ९० मिनेटसम्म दुवै टोलीले गोल गर्न नसकेपछि खेल अतिरिक्त समयमा धकेलिएको थियो।

खेलको पहिलो हाफदेखि नै स्पेनले बल नियन्त्रण र आक्रमणमा स्पष्ट दबाब बनाएको थियो।

अर्जेन्टिनाका गोलरक्षक एमिलियानो मार्टिनेजले उत्कृष्ट बचाउ गर्दै टोलीलाई लामो समयसम्म खेलमा कायम राखे। स्पेनको एक गोल फाउलका कारण रद्दसमेत भएको थियो।

निर्णायक क्षण अतिरिक्त समयको १०६औं मिनेटमा आयो। स्पेनका फरान टोरेसले गरेको गोल नै खेलको एकमात्र गोल बन्यो र स्पेनलाई ऐतिहासिक जित दिलायो।

खेलको अन्त्यतिर अर्जेन्टिना १० खेलाडीमा सीमित भएको थियो, जसले स्पेनलाई थप सहज बनायो।

योसँगै स्पेनले सन् २०१० पछि दोस्रो पटक विश्वकपको उपाधि जित्दै विश्व फुटबलमा नयाँ इतिहास रचेको छ। यता लगातार दोस्रो विश्वकप उपाधिको खोजीमा रहेको अर्जेन्टिनाको सपना भने फाइनलमै टुङ्गिएको छ।

# धूम्रपान तथा सुर्तीजन्य पदार्थ बिक्रीवितरणमा कडाइ

रत्ननगर। रत्ननगर नगरपालिकाले सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयनका लागि सार्वजनिक सूचना जारी गर्दै नगरपालिका क्षेत्रभित्र धूम्रपान तथा सुर्तीजन्य पदार्थको बिक्रीवितरण र प्रचारप्रसारमा कडाइ गर्ने जनाएको छ।

नगरपालिकाले जारी गरेको सूचनाअनुसार रत्ननगरभित्र रहेका सरकारी तथा गैरसरकारी कार्यालय, विद्यालय, कलेज, स्वास्थ्य संस्था, होटल, रेस्टुरेन्ट, सार्वजनिक यातायात, व्यापारिक प्रतिष्ठान तथा अन्य सार्वजनिक स्थानहरुमा ऐनले तोकेका प्रावधानहरु अनिवार्यरुपमा लागू गरिने भएको छ।

सूचनामा सार्वजनिक स्थानमा धूम्रपान तथा सुर्तीजन्य पदार्थ सेवन गर्न पूर्णरुपमा निषेध गरिएको उल्लेख छ। साथै, १८ वर्षमुनिका बालबालिकालाई चुरोट, बिंडी, सुर्तीलगायतका कुनै पनि सुर्तीजन्य पदार्थ बिक्री वा वितरण गर्न नपाइने व्यवस्था गरिएको छ।

त्यसैगरी विद्यालय, स्वास्थ्य संस्था तथा बालबालिका वा ज्येष्ठ नागरिक गृहसँग सम्बन्धित क्षेत्रको १०० मिटर वरपर सुर्तीजन्य पदार्थ बिक्री तथा वितरण गर्न प्रतिबन्ध लगाइएको छ। नगरपालिकाले यस्तो संवेदनशील क्षेत्रको वरपर सुर्तीजन्य पदार्थको पहुँच रोक्न विशेष निगरानी गरिने जनाएको छ।

सूचनाअनुसार सुर्तीजन्य पदार्थको विज्ञापन, प्रचारप्रसार तथा प्रायोजन गर्नसमेत निषेध गरिएको छ। प्रत्येक सार्वजनिक कार्यालय तथा संस्थाले आफ्नो परिसरमा 'धूम्रपान निषेधित क्षेत्र'सम्बन्धी सूचना बोर्ड अनिवार्यरुपमा राख्नुपर्ने व्यवस्था गरिएको छ।

यस्तै, फुटकररुपमा चुरोट, बिंडी तथा सिगरेटको खिल्ली बिक्रीवितरण गर्न पनि रोक लगाइएको छ। विद्यालयको पोसाकमा रहेका विद्यार्थीहरुलाई धूम्रपान तथा सुर्तीजन्य पदार्थ, ई-सिगरेट र भेप बिक्री तथा वितरण नगर्न/नगराउन सम्बन्धित व्यवसायी तथा सर्वसाधारणलाई अनुरोध गरिएको छ।

नगरपालिकाले सूचनामा उल्लेखित प्रावधानहरुको उल्लङ्घन भएको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गरिने चेतावनीसमेत दिएको छ। जनस्वास्थ्य संरक्षण, युवापुस्तामा बढ्दो सुर्तीजन्य पदार्थको प्रयोग न्यूनीकरण तथा स्वस्थ समाज निर्माणका लागि उक्त व्यवस्था प्रभावकारीरुपमा कार्यान्वयन गरिने नगरपालिकाले जनाएको छ।

# २७ करोडभन्दा बढी राजस्व सङ्कलन

भरतपुर। अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती सामुदायिक वनमा पर्यटक आगमन बढेको पाइएको छ।

गत आर्थिक वर्षमा दुई लाख ७२ हजार ९२३ पर्यटक उक्त क्षेत्रमा आएकामा अघिल्लो आवमा दुई लाख ३१ हजार ३२९ पर्यटकले भ्रमण गरेका निकुञ्जका सूचना अधिकारी अविनास थापामगरले बताए। सार्क मुलुकका २२ हजार ८८३ तथा अन्य मुलुकका ८८ हजार ६६५ पर्यटकले निकुञ्जको भ्रमण गरेका हुन्।

एकसिङ्गे गैंडा, पाटेबाघ, भालु, हात्ती तथा विभिन्न प्रजातिका चराचुरूङ्गी अवलोकनका लागि पर्यटक निकुञ्ज पुग्ने गरेका छन्। गत आर्थिक वर्षमा निकुञ्जले पर्यापर्यटनबाट रू २७ करोड ६३ लाख ३९ हजार ९५० राजस्व सङ्कलन गरेको जनाएको छ। काठदाउरा, गैरकाष्ठ वन पैदावार बिक्री, जरिवानालगायत शीर्षकमा रू ३१ करोड एक लाख ६४ हजार ५५१ राजस्व सङ्कलन भएको छ।



# समता शिक्षा सेवा शुल्क खारेज गर्न चौतर्फी दबाब

भरतपुर। सरकारले आर्थिक वर्ष २०८३/०८४ को बजेटमार्फत यही साउनदेखि लागू हुने गरी ३ प्रतिशत समता शिक्षा सेवा शुल्क लागू गर्न लागेपछि त्यसको खारेज गर्न चौतर्फी दबाब बढेको छ।

चितवनका संस्थागत विद्यालयका छाता संगठन प्याब्सन, संस्थागत विद्यालय अभिभावक संघ चितवन, संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) चितवन, संयुक्त विद्यार्थी संगठन चितवन लगायतले सरकारले साउनदेखि अभिभावकमाथि लगाउन खोजिएको समता शिक्षा सेवा शुल्क खारेज गर्न माग गरेका हुन्। उनीहरुले समता शिक्षा सेवा शुल्क खारेज नभए थप आन्दोलनका कार्यक्रमहरु घोषणा गर्ने चेतावनी दिएका छन्।

संस्थागत विद्यालय अभिभावक संघ चितवनले समता शिक्षा सेवा शुल्क खारेजको माग गरेको छ। संयुक्त विद्यार्थी संगठन चितवनले चितवन आएका शिक्षामन्त्री सुस्मित पोखरेललाई भरतपुर विमानस्थलमा कालो झन्डा देखाउँदै तीन प्रतिशत समता शिक्षा सेवा शुल्क खारेज गर्न माग गरेको छ। संस्थागत विद्यालय अभिभावक संघ चितवनका अध्यक्ष सूर्यकान्त न्यौपानेले सरकारले अभिभावकको ढाड सेक्ने गरी समता शिक्षा सेवा शुल्क ल्याएको आरोप लगाए।

उनले सरकारले अनिवार्य निःशुल्क शिक्षा पनि भन्ने र शिक्षामा कर लगाउने नीति संविधानविपरीत रहेको बताए। कसैले आय गर्छ भने आयमाथि कर लगाउनु जायज हो तर आय नभएका अभिभावकमाथि कर थोपर्ने नीति असंवैधानिक र अव्यवहारिक छ। 'संस्थागत विद्यालयमा पढाउने सबै अभिभावक धनी हुन्छन् भन्ने मानसिकता सरकारको छ', उनले भने, 'यहाँ अभिभावकहरुले गुणस्तरीय शिक्षाका लागि चटपट र मकै बेचेर संस्थागत विद्यालयमा पढाउने छन्।'

समता शिक्षा सेवा शुल्क खारेज नभए अभिभावकहरु आन्दोलित हुने उनले बताए। शुल्कको भार अभिभावकमाथि नै पर्ने भएकाले सबै अभिभावकहरुलाई समता शिक्षा सेवा कर नतिर्न आह्वान गरेको उनको भनाइ छ।

प्याब्सन चितवनका अध्यक्ष मदन पुरीले सरकारले ल्याएको समता शिक्षा सेवा शुल्क खारेज गर्नुपर्ने बताए। उनले भने, 'अभिभावकमाथि भार थोपर्न हामीलाई इच्छा छैन, हामी पनि यो कर हटाउन भनिरहेका छौँ, सरकार पेलेर अघि बढ्न खोजेको देखिएको छ।' उनले शिक्षामा कर लगाउने विषय कार्यान्वयन नगर्न सरकारलाई सुझाव दिए।

संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) ले अभिभावक संघको पक्षमा रहेको जनाएको छ। इस्टु चितवनका अध्यक्ष दिवाकर पौडेलले भने, 'सरकारले कर लिनु भनेको अभिभावकमाथि थप शुल्कको भार पार्नु हो, अन्ततः शुल्क बढ्नु पनि हो। त्यसैले शिक्षामा लगाइने कर पूर्णतः खारेज हुनुपर्छ भन्ने हाम्रो माग छ।'

उनले सरकारले सामुदायिक विद्यालयमा पढाएका शिक्षक कर्मचारीले पाइरहेको सेवासुविधा संस्थागत विद्यालयका शिक्षक कर्मचारीले पनि पाउनुपर्ने बताए। सरकारी कर्मचारी र शिक्षकहरुको तलब वृद्धि भइरहँदा संस्थागतमा पढाउने शिक्षक कर्मचारीको भने तलब बढ्न नसकेकोमा उनले गुनासो गरे।

'सरकारले विद्यार्थीमाथि थप करको भार थोपर्नु न्यायोचित होइन, कर पनि विद्यार्थीबाटै असुल हुने हो। जसका कारण अभिभावकलाई नै भार पर्छ, महँगी बढ्छ, शुल्क बढ्छ। यसलाई हटाउन जरूरी छ', उनले भने।

अहिलेको बजेटमा निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले विद्यार्थीबाट असुल गर्ने सबै प्रकारका शुल्कमा तीन प्रतिशतका दरले शिक्षा समता शुल्क लगाई असुलउपर गर्ने उल्लेख छ। अभिभावकहरुले यो घोषणा कार्यान्वयन नगर्न माग गरेका छन्।

भरतपुर महानगर प्याब्सनका अध्यक्ष मीनराज बस्ताकोटीले अतिरिक्त करको बोझले अभिभावक मारमा पर्ने भएकाले सरकारले यो निर्णय फिर्ता लिनुपर्ने बताए।

# सिटी स्क्यान सेवा सुचारू गर्दै भरतपुर अस्पताल

भरतपुर। चितवनको भरतपुर अस्पतालमा प्राविधिक समस्याका कारण अवरुद्ध रहेको सिटी स्क्यान सेवा पुनःनियमित रूपमा सुरू गरिएको छ। सिटी स्क्यान बिग्रिएपछि बिरामीलाई स्वास्थ्य बिमाको शुल्कमा निजी अस्पतालबाट सेवा दिँदै आइएको थियो।

अस्पतालका सूचना अधिकारी गोपालप्रसाद पौडेलका अनुसार नौ वर्ष पुरानो सिटी स्क्यान उपकरणको एक्स-रे ट्यूब बिग्रिएपछि असार ७ गतेदेखि सेवा अवरुद्ध भएको थियो। उक्त उपकरण खरिद सम्झौताअनुसार सम्बन्धित कम्पनीले नेदरल्याण्डबाट नयाँ एक्स-रे ट्यूब ल्याएर जडान गरेपछि सेवा पुनः नियमित रूपमा सञ्चालनमा आएको उनले बताए। अस्पतालका अनुसार दैनिक करिब ५० जना बिरामीले सिटी स्क्यान सेवा लिने गरेका छन्।





बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.

भरतपुर, चितवन, मो. ९८४५०६७४१४

हाम्रा सेवाहरू :


ना ४२ प १९९७

नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ्ग कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ्ग/छपाई | म्यागजिन डिजाईन

यहाँ नम्बर प्लेट बनाइन्छ।

पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ...।


## फिल्म/मनोरञ्जन



# दर्शकले मन जित्दै "गौँथली", हलमा शो बढ्दै

काठमाडौं। गत शुक्रबार (१ साउन)बाट प्रदर्शनमा आएको फिल्म 'गौँथली'ले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाएको छ। फिल्म प्रदर्शन भएदेखि काठमाडौंका विभिन्न हलमा पुगेका निर्माता, निर्देशक तथा कलाकारहरूलाई दर्शकले मनछुने फिल्म हेर्न पाएको भन्दै धन्यवाद दिएका छन्। दर्शकहरूले फिल्मको विषयवस्तुदेखि कलाकारहरूको अभिनयसम्मको मुक्तकण्ठले प्रशंसा गरेका छन्।



फिल्म हेर्दा महिला दर्शकहरू हलभित्रै रोएका भिडियोहरू पनि सामाजिक सञ्जालमा भाइरल बनेका छन्। प्रायः महिलाले आफ्नै कथा पर्दामा आएको प्रतिक्रिया दिएका छन्। कतिपयले यति राम्रो नेपाली फिल्म अहिलेसम्म नबनेको जिकिर गरेका छन्। सासु-बुहारीबीच कस्तो सम्बन्ध हुनुपर्छ भन्ने सन्देश पनि फिल्मले दिएको दर्शकहरूको प्रतिक्रिया छ।

शुक्रबार र शनिबार देशभरका हलमा फिल्म हेर्ने दर्शकको उपस्थिति पनि सुखद देखिएको थियो। शुक्रबार देशव्यापी २५-३० प्रतिशत अकुपेन्सी हासिल गरेको फिल्मले शनिबार लगभग ५० प्रतिशत शोमा ७० प्रतिशत अकुपेन्सी कटाएको थियो। विशेषगरी काठमाडौं, नेपालगन्ज, दाङ, पोखरा, बुटवल, चितवन र बिर्तामोडजस्ता सहरमा फिल्मको अकुपेन्सी राम्रो देखिएको थियो।

फिल्मले दुई दिन सुखद व्यापार गरेपछि देशभरका हलहरूमा शो वृद्धि भएको वितरक करण श्रेष्ठले जानकारी दिए। उनले भने, 'दुई दिन फिल्मले देशभर राम्रो प्रदर्शन गर्‍यो। दर्शकबाट प्रतिक्रिया पनि एकदमै राम्रो मिलेको छ। यसैले शनिबारबाटै देशभरका हलमा फिल्मका शोहरू बढेका छन्। अब फिल्म लामो जानेमा हामी विश्वस्त छौँ।'

डा. कपिल रिजालको निर्देशनमा बनेको यस फिल्ममा अरुण क्षेत्री, सिम्रन खड्का, मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, सीतादेवी तिमिल्सिना, लुनिभा तुलाधर, रवीन्द्र झा, सञ्जोग रसाइली, लक्ष्मीनाथ तिमिल्सिना, राजेन्द्र नेपालीलगायतका कलाकारहरूको अभिनय रहेको छ। फिल्मले बाल विवाहलाई केन्द्रमा राखेर श्रीमान्–श्रीमतीको सम्बन्धको कथा प्रस्तुत गरेको छ।

# "टक्सिक"को अगाडि नेपाली फिल्म निरीह

काठमाडौं। नेपालमा दक्षिण भारतीय फिल्मको प्रभाव बढ्दो छ। 'बाहुबली', 'केजीएफ', 'पुष्पा' जस्ता फिल्मले नेपालमा गरेको व्यापार त्यसकै प्रमाण हो। यसैले कुनै बेला बलिउड फिल्मदेखि भाग्ने गरेका नेपाली निर्माताहरूमा पछिल्लो समय साउथ फिल्मको डर बढेको छ। यसको ताजा उदाहरण हो, 'टक्सिक'। यो फिल्मका कारण यतिबेला नेपाली फिल्मको भागाभाग भएको छ।

पहिलो गीत 'जदौ हजुर...' सार्वजनिक गर्दै असोज ९ गतेलाई प्रदर्शन मिति तय गरेको छ। अर्को फिल्म 'ग्रेट' पनि भदौ १२ मा नआउने निश्चित भइसकेको निकट स्रोतको दाबी छ।

अब 'टक्सिक'सँग नीता ढुंगानाको निर्देशनमा बनेको फिल्म 'पार्वती' मात्र भिड्ने भएको छ। नीताले निर्धारित मितिमै फिल्म प्रदर्शन हुने स्पष्ट पारिसकेकी छन्। उनलाई 'टक्सिक'को डरभन्दा ज्यादा आफ्नो




'केजीएफ' स्टार यशको मुख्य भूमिका रहेको 'टक्सिक' १० भदौ (२६ अगस्ट)मा रिलिज हुँदैछ। यो फिल्मले प्रदर्शन मिति घोषणा गर्नुअघि नै ५ नेपाली फिल्मले जनै पूर्णिमालाई लक्षित गर्दै भदौ १२ गतेलाई प्रदर्शन मिति तय गरेका थिए। त्यसमा 'पार्वती', 'मास्टर्नी', 'जदौ', 'बेहुली' र 'ग्रेट' थिए। तर, अब यी ५ फिल्ममा ४ फिल्म लाखापाखा लागेका छन्।

'टक्सिक'को डरले सबैभन्दा पहिला 'मास्टर्नी' सर्‍यो। यो फिल्म एक साताअघि सर्दै भदौ ५ मा रिलिज हुँदैछ। त्यसपछि 'बेहुली'ले भदौ २६ लाई नयाँ प्रदर्शन मिति घोषणा गर्‍यो। शुक्रबार 'जदौ'ले पनि

फिल्मप्रति विश्वास बढी देखिन्छ। यसैले अरु फिल्म लाखापाखा लागे पनि उनी भदौ १२ को मिति नछाड्ने निर्णयमा अडिग भएर बसेकी छन्।

तर, 'पार्वती'लाई 'टक्सिक'सँगको प्रतिस्पर्धा सहज भने हुने छैन। किनकि, 'टक्सिक' नेपालमा ठूलो प्रतीक्षा गरिएको फिल्म हो। त्यसैले यसको ओपनिङ आक्रामक हुनेमा दुईमत छैन। फिल्मलाई प्रतिक्रिया पनि राम्रो मिलेको खण्डमा त्यसको प्रत्यक्ष असर दुई दिनपछि आउने 'पार्वती'लाई पर्नेछ। यद्यपि, नेपालमा धेरैपटक विदेशी फिल्ममाथि नेपाली फिल्म हाबी भएका नजिर पनि छन्।


न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा

login : www.newsprabah.com

https://newsprabah.com/e-paper/

# दाह्रा काटेसँगै निकुञ्जमा थन्कियो ध्रुवे

भरतपुर । पच्चीस जना मानिसको ज्यान लिएको ध्रुवे हात्तीलाई नियन्त्रणमा लिएर दाह्रा



काटेपछि उसको आतंक मथ्थर भएको छ। ध्रुवे जंगली हात्ती हो। दाह्रा काटिएसँगै यो चितवन राष्ट्रिय निकुञ्जभित्रै थन्किएको छ।

ध्रुवे हात्तीले गत असार २० गते एकै परिवारका दुई जनाको ज्यान लिएको थियो। असार ३१ गते राति ध्रुवेलाई सुखीभार पोष्ट नजिक डार्ट गरेर दुई वटा दाह्रा काटिएको हो। ध्रुवेको गलामा आधुनिक रेडियो कलर जडानसमेत गरिएको छ। जडान गरिएको रेडियो कलरबाट प्रत्येक १० मिनेटमा सूचना संकलन भइरहेको निकुञ्जले जनाएको छ।

ध्रुवे हात्ती बस्ती पसेको सूचना आएमा तुरुन्तै मध्यवर्ती उपभोक्ता समिति, सामुदायिक वन, वडा कार्यालय, स्थानीय टोल लगायतलाई सूचना दिने र सँगै निकुञ्ज सुरक्षा निकायको गस्ती स्थलगत पुगेर निकुञ्जतर्फ धपाउने गरी तयारी गरिएको निकुञ्जका सूचना अधिकारी अविनास थापामगरले जानकारी दिए।

बस्ती पसेको सूचना आएमा तुरुन्तै मध्यवर्ती उपभोक्ता समिति, सामुदायिक वन, वडा कार्यालय, स्थानीय टोल लगायतलाई सूचना दिने र सँगै निकुञ्ज सुरक्षा निकायको गस्ती स्थलगत पुगेर निकुञ्जतर्फ धपाउने गरी तयारी गरिएको छ।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनका अनुसार पुनः यो किसिमको घटना हुन नदिन उच्च सतर्कता अपनाइएको हो।

हात्तीले विसं २०७४ मा नेपाली सेनाका एक सेनानी (मेजर) लाई आक्रमण गरेर मारेको थियो। निकुञ्जमा सबैभन्दा बढी मान्छे मार्ने हात्तीका रुपमा परिचित ध्रुवेले विसं २०६८/६९ ताका दैनिक जसो मान्छेको ज्यान लिन थालेपछि २०६९ सालको पुस १ गते चितवनका प्रमुख जिल्ला अधिकारीसहितको बैठकले हात्ती मार्न आदेश दिएको थियो। तर, यो हात्ती सेनाको गोलीबाट बच्दै आएको छ।

ध्रुवे हात्ती २०६९ सालको कात्तिकदेखि एक महिनाको अन्तरालमा माडीमा मात्रै चार जनाको लगातार ज्यान लिएपछि मार्ने निर्णय गरिएको थियो। विसं २०६६ माघदेखि मान्छेलाई आक्रमण गरेर ज्यान लिन थालेको ध्रुवेले २०६९ सालसम्म १५ जनालाई मारेको थियो।

निकुञ्जमा रोनाल्डो, गोविन्दे, ध्रुवेलगायतका जङ्गली भाले हात्ती छन्। निकुञ्जका पोथी हात्ती यिनै भाले हात्तीबाट प्रजनन हुने गर्दछन्। प्रमुख संरक्षण अधिकृत पुर्जा पुनका अनुसार निकुञ्जभित्र ४५ देखि ५० वटा हात्ती छन्।

## जंगली ...

नवलपरासी (वर्दघाट-सुस्तापूर्व), पर्सा र मकवानपुर जिल्ला पर्दछ। मध्यवर्तीको ठूलो भूभाग चितवनमा पर्ने भएकाले बढी जोखिम यहाँकै बासिन्दा पर्ने गरेको तथ्यांकले देखाएको छ।

वन्यजन्तुको आक्रमणबाट मृत्यु भएका परिवारलाई सरकारले प्रतिव्यक्ति १० लाख रुपैयाँ राहत उपलब्ध गराउँदै आएको छ।

## दुई बस ...

यसैगरी, नयाँ मेडिकल कलेज भरतपुरमा २७ जना घाइतेहरुको उपचार भइरहेको छ। जसमा लुम्बिनी प्रदेश ०३-००१ ख ०५०५ नम्बरको बसका चालक दाङको तुलसीपुर उपमहानगरपालिका वडा नं-६ बस्ने ३३ वर्षीय लक्ष्मण नेपाली, सहचालक दाङको तुलसीपुर उपमहानगरपालिका वडा नं-१४ बस्ने २१ वर्षीय दिपेश खत्री, बसमा सवार गुल्मीको मुसिकोट गाउँपालिका वडा नं-६ बस्ने २५ वर्षीय धनबहादुर गन्धर्व, सोही ठाउँका ५ वर्षीय विधान गन्धर्व, तुलसीपुर-८ का ३५ वर्षीय रोशनकुमार वली, तुलसीपुर-३ का ४३ वर्षीय शंकर वली, रोल्पाको त्रिवेणी गाउँपालिका वडा नं-३ बस्ने १४ वर्षीय अमृत विक रहेका छन्।

यस्तै, मधेश प्रदेश ०३-००२ ख ७३२ नम्बरको बसका चालक सर्लाहीको धनकौल गाउँपालिका वडा नं-१ बस्ने २८ वर्षीय गजेन्द्रप्रसाद कुसवाह, सोही बसमा सवार सर्लाहीको रामनगर-४ बस्ने ५३ वर्षीय विश्वनाथ साह, ४० वर्षीय उपेन्द्र साह, सोही ठाउँ बस्ने अरुणकुमार राम, सर्लाहीको बसबरिया गाउँपालिका वडा नं-१ बस्ने ३५ वर्षीय साहेब ठाकुर, सर्लाहीको रामनगर-७ बस्ने ३० वर्षीय बिक्कीप्रसाद गुप्ता, रौतहटको माधवनारायण नगरपालिका वडा नं-९ बस्ने २३ वर्षीय रामबाबु सहनीको उपचार भइरहेको छ।

यस्तै, सर्लाहीको बसवरिया गाउँपालिका वडा नं-१ बस्ने १७ वर्षीय अविनमकुमार ठाकुर, सर्लाही बस्ने ९ वर्षीय आदित्य साह, रौतहटको पिपरिया बस्ने ३० वर्षीय रामकलेश ठाकुर, सर्लाहीको धनकौल गाउँपालिका वडा नं-१ बस्ने २९ वर्षीय विजयकुमार महतो, सोही ठाउँ बस्ने २२ वर्षीया पार्वती कुमारी घाइते भएका छन्।

यसैगरी, बर्दिया नगरपालिका वडा नं-१० का ३५ वर्षीय दोहनलाल, सोही ठाउँका १८ वर्षीय सुजन चौधरी, २० वर्षीय रामबहादुर चौधरी, सर्लाहीको धनकौल गाउँपालिका वडा नं-५ बस्ने १९ वर्षीय विक्रमराय यादव, सर्लाहीको बरहथवा नगरपालिका वडा नं-६ बस्ने ३० वर्षीया शोभाकुमारी साह, बरहथवा-७ बस्ने २३ वर्षीय रविन्द्र पण्डित, बरहथवा-६ बस्ने १२ वर्षीय आकाश साह र रौतहटको दुर्गा भवानी गाउँपालिका वडा नं-५ बस्ने ३० वर्षीय दयाराम साह घाइते भएका छन्।

दुर्घटनापश्चात् इलाका प्रहरी कार्यालय मुग्लिनबाट प्रहरी निरीक्षक डिल्लीबहादुर खड्काको कमाण्डमा अस्थायी प्रहरी पोष्ट जलबिरेसहित १० जनाको प्रहरी टोलीले घाइतेहरुको उद्धार गरी अस्पताल पठाउनुको साथै दुईतर्फी सडक सञ्चालन गरेको थियो।

## महाबौद्ध ...

र परोपकारको भावनालाई समाजमा विस्तार गर्न यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने उनको भनाइ थियो।

संघका अध्यक्ष तामाङले रक्तदान गर्ने सबै रक्तदाता, प्राविधिक टोली, स्वयंसेवक, अतिथि तथा कार्यक्रम सफल बनाउन प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरेको छ।

संस्थाले आगामी दिनमा पनि मानव सेवा, सामाजिक सद्भाव र बौद्ध धर्मका मानवीय मूल्यहरूको प्रवर्द्धन गर्ने उद्देश्यका साथ यस्ता सेवामूलक कार्यक्रमलाई निरन्तरता दिइने उनको प्रतिबद्धता थियो।

महाबौद्ध संघ-नेपालका अध्यक्ष मेकना तामाङको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो भने सञ्चालन महासचिव कृष्ण लामाले गरे।

कार्यक्रममा स्थानीय समाज-सेवी, विभिन्न संघ-संस्थाका प्रतिनिधि, युवा तथा सर्वसाधारणको सहभागिता रहेको थियो।

## भरतपुर ...

बिरामीमध्ये ८० वर्ष नाघेका बिरामीको संख्या १०९ जना रहेको छ भने ६० वर्षदेखि ७९ वर्षसम्म उमेरका बिरामी ७१३ जना रहेका छन्।

भरतपुर अस्पताल स्वास्थ्य बिमाका लागि देशमा नै नमुनाका रूपमा लिने गरिन्छ। यहाँ चितवनसहित २२ जिल्लाका बिरामी उपचारका लागि आउने अस्पतालले जनाएको छ। जिल्लाका दुई ठूला मेडिकल कलेजमा बिमा कार्यक्रम स्थगित भएपछि बिरामीको चाप उच्च हुँदै गएको हो।

स्वास्थ्य बिमा बोर्डबाट यस अस्पतालले गत आर्थिक वर्षमा रु ९२ करोड ३६ लाख ४२ हजार ९४७ रुपैयाँ भुक्तानी पाएको छ। अस्पतालमा आएका बीमाका बिरामी उपचार गरेबापत अस्पतालले यो भुक्तानी पाएको हो। पौडेलका अनुसार अघिल्लो आव र गत आवको मङ्सिरसम्मको भुक्तानी आएको हो। त्यसयताको झन्डै रु ४० करोड भुक्तानी आउन बाँकी छ।

अस्पतालले विसं २०७४ भदौबाट स्वास्थ्य बीमा कार्यक्रम सुरु गरेको हो। यस अवधिमा स्वास्थ्य बीमामार्फत अस्पतालले रु दुई अर्ब ४७ करोड ४८ लाख २२ हजार ३२९ रुपैयाँ प्राप्त गरिसकेको छ।

अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. विश्वबन्धु बगालेले बिरामीको चाप उच्च हुँदा व्यवस्थापनमा जटिलता आएको बताए। अहिले अस्पतालको ध्यान गुणस्तरभन्दा भीड व्यवस्थापनमा केन्द्रित हुनुपरेको उनले बताए। अस्पतालले भरतपुर महानगरपालिका र रत्ननगर नगरपालिकासँग विस्तारित सेवा सञ्चालन गर्ने विषयमा छलफल अघि बढाएको उनले बताए।

पहिलो चरणमा नियमित खाने औषधि, प्रयोगशालाको सेवाजस्ता सामान्य समस्या लिएर आउने बिरामीलाई पालिकास्तरमा सेवा दिन सके चाप घट्ने र बिरामीले सहज सेवा पाउने उनको भनाइ छ। क्रमशः पालिकाहरूसँग सहकार्य गरेर आधारभूत सेवा त्यही दिनेगरी छलफल अघि बढाइएको उनी बताउँछन्। यस्तै, रत्ननगर बकुलहर अस्पतालसँग समेत सहकार्य गर्ने विषयमा छलफल भइरहेको छ। मेसु बगालेले भने, 'सामान्य समस्या भएका बिरामीलाई स्थानीय तहमा उपचार गर्ने र यहाँ विशिष्टिकृत सेवा दिनेगरी काम गर्नुपर्छ।'

भरतपुर अस्पताल अस्तव्यस्त र भीड व्यवस्थापनमा मात्र केन्द्रित नभई सेवाप्रवाह र गुणस्तर विकासमा लाग्नुपर्छ भन्ने सोचका साथ काम अघि बढाइएको उनी बताउँछन्। पालिकाहरूमा क्रमशः बिरामीको भर्ना र शल्यक्रियासम्म गर्न केही समय लाग्ने भए पनि यससँगै भरतपुर अस्पतालले विशिष्टिकृत सेवामात्रै दिन सक्ने बताए।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### आकस्मिक एम्बुलेन्स सेवा

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | १७४५०६७४०० |

### अस्पताल काठमाडौं

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

### अस्पताल चितवन

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

### प्रहरी प्रशासन

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

### पत्रपत्रिका/सञ्चार

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |






न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक

# साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** — यो सातामा शुभकार्यको चर्चा चल्नेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। मनमा उत्साहका साथै बोली बिक्ने समय छ। नसोचेको ठाउँबाट धनागम हुनेछ। आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ, तर स्वास्थ्य प्रति चैं सावधानी अपनाउनुपर्छ।

**वृष** — यो सप्ताह धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढनेछ। प्रेममा मधुरता छाउला। आँटेको र ताकेको कार्य पुरा होला। साताको उत्तरार्धबाट आर्थिक कारोबारमा मन्दी आउनेछ।

**मिथुन** — यो साता लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय रहेको छ। रोकिएको काम दोहोर्याएर प्रयत्न गर्दा सफलता मिल्नेछ। साताको अन्त्यमा व्यस्तता बढनुका साथै स्वास्थ्यप्रति सजगता अपनाउनु होला।

**कर्कट** — यो साता शुभ कार्यको योजना बन्नेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सेयरको कारोबारमा फाइदा पनि बढन सक्छ। साताको अन्त्यमा अनावश्यक ठाउँमा धन खर्च होला।

**सिंह** — यो साता स्वास्थ्यमा समस्या हुनसक्छ, त्यसैले सङ्क्रमणबाट आफू पनि बच्ने र अरूलाई पनि बचाउन सहयोग गर्नु होला। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला, तर आत्मबल बढाएर काम गरेमा असफल भईंदैन। बुधवारबाट साथी भाइको भेटघाटले मन प्रसन्न रहला।

**कन्या** — यो साता विपरित वर्गबाट विशेष सहयोग मिल्ने र शुभ कार्यको योजना बन्नेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढनेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। सांगीतिक क्षेत्रमा रुचि बढनेछ। साताको मध्यमा सरकारी निकायको भय रहला।

**तुला** — यो साता कुनै कुराले मनमा शान्ति छाउनेछ। रोकिएका कामहरू पुनः सुरु हुन सक्छन्। विज्ञान र प्राविधिक कार्य अघि बढनेछ। मान प्रतिष्ठामा वृद्धि होला। प्रेम जीवन सबल र सफल हुनुका साथै आम्दानीका नयाँ स्रोत बढनेछन्।

**वृश्चिक** — यो सप्ताहमा सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। दैनिक कार्य र पढाइमा प्रगति नै हुनेछ। रमणीय र सुखद यात्राको योग छ। राजनीतिक कार्यमा सफलता मिल्नेछ। नयाँ कार्यको अवसर मिल्नेछ। व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**धनु** — यो साताको सुरुका दिनमा दबाब र तनाव बढेको महसुस हुनेछ र केही अप्ठयारा परिस्थितिको सामना गर्नुपर्ला। मन भावुक र उत्ताउलो बन्नेछ, सचेत रहनु होला। मङ्गलवारबाट शुभकार्यको चर्चा चल्नेछ।

**मकर** — यो साता धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ। स्वास्थ्य साबर र शिक्षामा सफलता मिल्नेछ। सामाजिक कार्यमा रुचि बढनेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। मनोरञ्जनमा सहभागिता भइएला।

**कुम्भ** — यो साता धार्मिक, सामाजिक र अरुको हित हुने काममा समय व्यतीत हुनसक्छ। व्यावसायिक काममा राम्रै फडको मार्न सकिनेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। पारिवारिक जमघट र विशिष्ट व्यक्तिको सहयोग पाइनेछ।

**मिन** — यो साता सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। पुँजी बजारमा लगानीको अवसर आउनाले मन प्रसन्न रहनेछ र पछि फाइदा हुनेछ। साताको मध्यमा मानसिक चिन्ता बढनेछ।

# टिकटकमा चिनजान, भेटमा जर्बजस्ती करणी

## करणी कसुरमा दुई युवक प्रहरी फन्दामा

भरतपुर। चितवन घर भएकी १३ वर्षीया एक बालिका (नाम गोप्य)लाई जबर्जस्ती करणी गरी फरार युवक र फरार प्रतिवादीलाई घटनास्थलसम्म ल्याएर वरदातपश्चात् भगाउने र लुकाउने कार्यमा संलग्न अर्का युवक गरी दुई प्रतिवादी पक्राउ परेका छन्।




सामाजिक सञ्जाल टिकटकमार्फत चिनजान भएको पुरूष व्यक्तिले यही साउन २ गते राति १०:०० बजेको समयमा चितवनकी १३ वर्षीया बालिकालाई घरबाट बोलाई मोटरसाइकलमा राखेर माडीको मरथा खोलानजिक लगी जबर्जस्ती करणी गरी फरार भएका थिए।

घटनास्थलमा पुगेको प्रहरी टोलीले खोजतलास गर्दै जाँदा भारतको बेतिया घर भई माडी-३ बस्ने १९ वर्षीय सर्फराज मियाँ र वारदातपश्चात् मुख्य प्रतिवादीलाई भगाई लुकाउने कार्यमा संलग्न माडी-३ बस्ने २३ वर्षीय आजाद आलम पक्राउ परेका हुन्।

बालिका करणीपश्चात् प्रतिवादी फरार रहेको जानकारी हुनासाथ खटिएको प्रहरी टोलीले साउन ३ गते दुवै प्रतिवादीलाई पक्राउ गरेको हो। प्रहरीले वारदातको समयमा प्रयोग भएको मे १ प ७१०४ नम्बरको मोटरसाइकलसमेत बरामद गरी पक्राउ परेका प्रतिवादीहरुलाई सोमबार करणीसम्बन्धी कसुरमा म्याद थप गरी अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय चितवनका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक चन्द्र भुसन यादवले जानकारी दिए।

# ‘ओभरटेक’ले दुर्घटना बढेपछि ट्राफिक नियन्त्रण

भरतपुर। मनसुनी वर्षाका कारण अवरुद्ध नारायणगढ-मुग्लिन सडक खुलेलगत्तै हतारमा सवारीसाधन ओभरटेक गर्ने प्रवृत्तिका कारण सडकमा दुर्घटना र सवारीजाम बढ्न थालेपछि चितवन प्रशासनले चालकलाई ट्राफिक नियमको पूर्ण पालना गर्न आग्रह गरेको छ।

नारायणगढ-मुग्लिन सडकखण्डमा बसले ट्रकलाई ओभरटेक गर्ने क्रममा तीनवटा सवारसाधन एकापसमा ठोक्किँदा ३६ जना घाइते भएका थिए। दुर्घटनापछि केही समय सवारी आवागमनसमेत अवरुद्ध भएको थियो।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलले मुग्लिनतर्फ गइरहेको बसले ट्रकलाई ओभरटेक गर्दा दुर्घटना भएको बताए। उनका अनुसार ओभरटेक नै सडक दुर्घटना र सवारीजामको प्रमुख कारण बन्दै गएको छ। उनले ओभरटेकका कारण दुर्घटनाको जोखिम बढ्नुका साथै लामो सवारीजाम हुने, एम्बुलेन्सलगायत अत्यावश्यक सवारीसाधनलाई बाटो बनाउन कठिन हुने र दुर्घटनामा घाइते भएकाको उद्धारमा समेत ढिलाइ हुने गरेको बताए। आइतबार बिहानको दुर्घटनामा पनि सवारीजामका कारण उद्धार कार्य प्रभावित भएको उनको भनाइ छ।

बाढी-पहिरोको जोखिमलाई मध्यनजर गर्दै चितवन प्रशासनले शनिबार राति १०:०० बजेदेखि नारायणगढ-मुग्लिन सडक र चितवन क्षेत्रमा पर्ने पृथ्वी राजमार्गमा सवारी सञ्चालन अस्थायी रूपमा रोकेको थियो। बिहान ५:३० बजे सडक खुलेपछि चालकले हतारमा ओभरटेक गर्दा दुर्घटना र सवारीजाम भएको प्रशासनको भनाइ छ।




जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी निरीक्षक अनिल थापाले ट्राफिक नियमको पालना गरे दुर्घटना र सवारीजाम दुवै उल्लेख्यरूपमा घटाउन सकिने बताए। उनले ट्राफिक नियमको पालनाबाट चालक र यात्रु दुवैले प्रत्यक्ष लाभ पाउने उल्लेख गरे।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले वर्षायाममा बाढी र पहिरोको उच्च जोखिमका कारण रातको समयमा सवारी सञ्चालनमा रोक लगाउनु बाध्यता रहेको बताउँदै सडक खुलेपछि आआफ्नो लेनमै सवारी चलाउन र ओभरटेक नगर्न चालकलाई आग्रह गरे।

उनले सुरक्षित र सहज यातायात सञ्चालनका लागि प्रशासनसँगै चालक र यात्रुको पनि समानरूपमा सहयोग आवश्यक रहेको बताए। उनले ट्राफिक नियम उल्लङ्घन गर्ने चालकविरुद्ध कानुनबमोजिम कडा कारबाही गरिने चेतावनी दिँदै सबैलाई ट्राफिक नियमको पूर्ण पालना गर्न आग्रह गरेका छन्।

# सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरू**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

**भरतपुर महानगरपालिका**
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा

फोन : ९८४६४७५३४१
९८४६८५२९१५

**गोरखा फेन्सी**


भरतपुर-११, बसेनी



हामीकहाँ आदिवासी जनजातिका भेषभूषा तथा महिलाका तयारी पोशाकहरु सुपथ मूल्यमा पाइन्छ।

**धार्मिक तथा पर्यटकीय स्थलको अवलोकन गरौ।**

● इच्छाकामना मन्दिर। ● लामो झरना। ● उपरदाङगढी। ● वालगौरी पाथिभरा। ● सिराईचुली ● गौरीखोला झरना। ● गुप्तेश्वर महादेव मन्दिर। ● पाथिभरा मंगलागौरी मन्दिर। ● चेपाङ गाउँ लगायतका धार्मिक तथा पर्यटकीय स्थलहरुको अवलोकनका लागि सम्पूर्ण जनसमुदायमा इच्छाकामना गाउँपालिका हार्दिक अनुरोध गर्दछ। आन्तरिक पर्यटनको प्रवर्द्धन गरौं।



**दानबहादुर गुरुङ**
अध्यक्ष एवम्
**इच्छाकामना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
इच्छाकामना, चितवन

Cell: 9845067414
**B. & B. Media Network [P.] Ltd.**
Bharatpur, Chitwan

Remember for :
- Visiting card
- Wedding card
- Number Plate
- Color Print
- Nylon Stamp
- Bill/Receipt
- Computer Design
- Flex/Photo Print
- All kinds of Printing Job